

For Nepali By Nepali

**9th Global Conference & International General Assembly**

**15-17 October 2019**

- ✔ पारदर्शिता
- ✔ इमान्दारिता
- ✔ मितव्ययिता
- ✔ ठोस कार्ययोजना

# बार्षिक ८ करोडको
# गैरआवासिय श्रमिक कल्याण कोषको
# ठोस योजना सहित
# कोषाध्यक्ष पद का उम्मेदवार
# महेश कुमार श्रेष्ठ (जापान) लाई

अत्यधिक मतले विजयी गराऔं

## आदरणीय गैरआवासीय नेपाली साथीहरू,

नेपालीका लागि नेपाली भन्ने मुलमन्त्र सहित बेलायतको लण्डनवाट औपचारिक रुपमा सुरु भएर १५ वर्ष अघि स्थापना भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) अहिले ९औं महाधिवेशन तथा विश्व सम्मेलनको संघारमा छ । यो सम्मेलनमा भाग लिन विश्वका विभिन्न देशबाट काठमाडौं आउनु हुनेप्रतिनिधीहरुलाई हार्दिक स्वागत गर्दछु ।

विश्वभर छरिएर रहेका नेपालीहरुले पठाएको रेमिट्यान्सले नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुगेको त सर्वविदितै छ । गैरआवासीय नेपाली संघको स्थापनापछि विदेशमा रहेका नेपालीहरुले सिकेको ज्ञान सीप र कमाइलाई नेपालको आर्थिक विकासमा लगाउन संस्थागत रुपमा विभिन्न कामहरु भई रहेका छन् । पछिल्लो १५ वर्षमा गैरआवासीय नेपाली संघले नेपाल सरकार र विदेशमा बस्ने ५० लाख भन्दा बढी नेपाली बीच पुलको रुपमा काम गर्दै आएको छ । गैरआवासीय नेपाली ऐन, संविधानमा गैरआवासीय नेपाली नागरिकताको ग्यारेन्टी लगायतका मुद्धाहरु उपलब्धि मुलक रहे । संस्थागत रुपमा गैरआवासीय नेपाली संघको दर्ता, सामूहिक लगानीको प्रारम्भ, एनआरएनए भवन, भिजन २०२० एण्ड वियोण्ड जस्ता संघको लागि दीर्घकालिन महत्व राख्ने विषयहरु संस्थागत भएका छन् । साथै यसैबीच नेपालमा गैरआवासीय नेपालीहरुको लगानी सुनिश्चित गर्न थुप्रै कानूनहरु बनिसकेका  छन् । सरकार, प्राइभेट सेक्टर, नेपाली जन समुदायले गैरआवासीय नेपालीहरुसँग ठूलो अपेक्षा राखेको छ । यी अपेक्षाहरु पुरा गर्न संघको अभियानलाई सशक्त बनाउन आर्थिक स्थायित्व को आवश्यकता हुन्छ ।

त्यसैले गैरआवासीय नेपाली संघमा आर्थिक मितव्ययिता, पारदर्शिता एवं आर्थिक स्थायित्वको मुख्य एजेण्डा सहित नवौं महाधिवेशनमा कोषाध्यक्ष पदमा उम्मेदवारी दिने निर्णय गरेको छु ।

विगत १३ वर्ष अघि देखि म गैरआवासीय नेपाली संघको विभिन्न निकाय-हरुमा रहि काम गरिसकेको एनआरएनएको एउटा जिम्मेवार सदस्यको

नाताले यो अभियानलाई थप अगाडि बढाउन नेतृत्व तहमा बसेर काम गर्न सक्छु भन्ने पूर्ण विश्वास लिएको छु । विगत लामो समय देखि आर्थिक क्षेत्रमा काम गरेको मेरो अनुभवलाई सही रुपमा उपयोग गर्न सकिने कोषाध्यक्ष पद नै भएकोले यस गरिमामय पदका लागि आफु योग्य भएको ठानेको छु । आगामी महाधिवेशन द्वारा निर्वाचित नयाँ नेतृत्व तथा कार्यसमितिको सहयोग र सुझावको आधारमा निम्नानुसारको कार्यहरु पुरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

## मेरा प्रतिवद्धताहरू

१. वार्षिक ८ करोड रुपैयाँ संकलन हुनेगरि गैरआवासीय श्रमिक कल्याण कोषको स्थापना गर्नेछु । (उक्त कोषको स्थापना तथा सञ्चालनका लागि संवन्धित पक्षहरुसंग छलफल अगाडी बढाई सकिएको छ)

२. गैरआवासीय नेपाली संघ (एनआरएनए)को आर्थिक हिसाब किताब अझ वैज्ञानिक तथा पारदर्शी रुपमा राखिने छ । आर्थिक हिसाब किताब अन्तर्राष्ट्रिय मापदण्ड अनुसार डिजिटलाइज गरिनेछ । संघको अनुमातिक वार्षिक आय-व्यय तय गरी खर्चको विवरण प्रत्येक ३ महिनामा वेबसाइट मार्फत सार्वजनिक गरिनेछ।

३. संघको काठमाडौं स्थित सचिवालयको खर्चमा मितव्ययिता अपनाई अझ व्यवस्थित बनाउनेछ साथै आर्थिक स्थायित्वको लागि आवश्यक नयाँ नीतिहरु तर्जुमा गर्नेछु ।

४. गैरआवासीय नेपाली संघ (एनआरएनए) केन्द्रिय महाधिवेशन एवं क्षेत्रीय बैठकहरुमा हुने खर्च तथा संघले सञ्चालन गर्ने परियोजनाहरुमा गरिने खर्चहरुमा मितव्ययिता, पारदर्शिता एवं आर्थिक अुशासन कायम गरिने छ ।

५. सचिवालय सञ्चालन र परियोजनाका लागि सदस्यता शुल्क र पदाधिकारीको व्यक्तिगत सहयोगमा भर पर्नु पर्ने स्थितिको अन्त्य गरी आर्थिक दीगोपनका लागि वैकल्पिक स्रोतको खोजी गरिनेछ।

६. रु. १० अर्बको संयुक्त लगानी कोष स्थापना गरी थोरै आम्दानी हुने गैरआवासीय नेपालीहरुले पनि लगानी गर्न सक्ने वातावरण तयार गरिने छ ।

७. खेलकुद अनि नेपाली भाषा, साहित्य र संस्कृतिलाई विशेष प्राथमिकता क्षेत्रमा राखिनेछ । युवा, महिला तथा दोस्रो पुस्ता पछि का गैरआवासीय नेपालीहरुको समस्या, चुनौति र अवसरका वारेमा गहन अध्ययन गरी स्वेतपत्र जारी गरिनेछ ।

८. भिजन २०२० एण्ड वियोण्ड एनआरएनका लागि मार्गदर्शक सिद्धान्त हो । विश्वभर छरिएर रहेका विभिन्न पेशा, वर्ग, क्षेत्र र विभिन्न समुदायका ६० लाख भन्दा बढी गैरआवासीय नेपालीहरुको साझा संगठनका रुपमा एनआरएनएलाई अघि बढाउन यसको सांगठनिक संरचना मा आवश्यकता अनुरुप परिवर्तन र परिमार्जन गरिनुपर्छ भन्ने मेरो मान्यता रहेको छ ।

९. संघका मुख्य आधार स्तम्भहरु NRNA Foundation, Policy Institute, Knowledge and Skill Academy, Businesses and Investment Forum, Migration & Foreign Workers Welfare committee/Women and Youth Forum लाई मुख्य आधार बनाएर संघको उद्देश्य प्राप्तिको लागि आर्थिक योजनाहरु तर्जुमा गरिनेछ ।

१०. नेपालको संविधानको धारा २९१ ले विदेशमा स्थायी बसोबास अनुमति लिएका नेपाली नागरिकहरुको लागि गरेको व्यवस्थाको विरोधमा म सदैव लडिरहेको छु । संविधानको यसै धारा विरुद्ध मैले सर्वोच्च अदालतमा रिट समेत हालेको कुरा तपाई सबैलाई अवगत नै होला । म गैरआवासीय नेपालीहरुको हकहित र उनीहरुको नागरिकता तथा सम्पतिको अधिकार प्राप्तिको लडाईमा सदैव साथ रहिरहने छु । त्यसैगरी विदेशमा रहनु हुने नेपाली नागरिकको मतदानको अधिकारका लागि पनि वुलन्द आवाज उठाइ

रहनेछु ।

मेरा माथि लेखिएका प्रतिबद्धताहरू कार्यान्वयन गरी गैरआबासीय नेपाली संघलाई आर्थिक रुपमा दिगो, पारदर्शी, उत्तरदायी पूर्ण एवं साझा संगठनको रुपमा विकास गर्दै जाने मेरो योजनालाई साकार पार्न कोषाध्यक्ष पदमाआफ्नो अमूल्य मत दिइ सहयोग गरिदिनु हुन सम्पूर्ण गैरआवासीय नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछु ।

## गैरआबासीय नेपाली संघमा मेरो योगदान :

विगत १४ वर्ष अघि देखि म गैरआवासीय नेपाली संघको विभिन्न निकायहरुमा रहि लगातार सक्रिय रुपमा काम गरिरहेकोछु । हाल सम्ममा गैरआवासीय नेपाली संघमा मेरो आवद्धता यस प्रकार रहेको छ ।

| | | |
|---|---|---|
| केन्द्रीय सदस्य | : | NRNA -2017- 2019 |
| संयोजक | : | नेपालको संविधानमा एनआरएनका अधिकार सम्बन्धी समिति (२०१७–१९) |
| क्षेत्रीय संयोजक | : | एनआरएनएको विधान संसोधन तथा नियमावली निर्माण सुझाव समिति (२०१७–१९) |
| सदस्य | : | एनआरएनएको विधान संसोधन तथा निमावली निर्माण सुझाव समिति (२००७–२००९), (२०१३–२०१७) |
| सह संयोजक | : | व्यापार तथा लगानी प्रवर्धन समिति (२०१७–१९) |
| सदस्य | : | व्यापार तथा लगानी प्रवर्धन समिति (२०१३–२०१७) |

## नेपाल सरकारका समितिमा योगदान :

सदस्य : वैदेशिक लगानी समन्वय तथा अनुगमन समिति, नेपाल सरकार (२०१७–१८)

# MY PROFILE

## *Education:*

- PHD Student in Kaetsu University Tokyo
- Masters Degrees in Sociology & Anthropology (T. U.)
- MBA Study in GLOBIS University, Japan
- Diploma in Civil Engineering (T. U.)
- S.L.C. (2044) Narayan Secondary School, Kushma Parbat

## Employment

### IN JAPAN:

- President & CEO of CITY EXPRESS MONEY TRANSFER JAPAN CO. LTD.
- President and CEO of TONAN Co. Ltd. Japan
- Director of City Express Connect Co. Ltd.
- Director of JNN AGRO Co. Ltd.
- Director of City Travel and Tour Co. Ltd.
- Director of SBI CITY EXPRESS GLOBLE Co. Ltd.
- Director of GMoney Trans. (South Korea)

### *IN NEPAL:*

- ***Director and Promoter of City Express Group as* written below:**
    - City Express Money Transfer Pvt. Ltd. Nepal
    - City Express Finance Ltd.
    - City Express Management Pvt. Ltd.
    - City Tech Pvt. Ltd. (IT Company)
    - City Express Trading Pvt. Ltd.(Export Import Company)
    - City Investment Fund Pvt. Ltd.
    - City Express Saving and Credit Co-operative Ltd.
- Director of Himalayan Power Partner Ltd. (Hydro Power Project)
- Director of NRN Infrastructure and Development Ltd.
- Promoter of various Banks, Insurance Company, Hotel Hydropower and Others.